प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ८८ ॥ २०८१ वैशाख २४ गते सोमबार (6th May 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# सत्ताकै लागि फुट्यो जनता समाजवादी पार्टी

झापा(प्रस) । प्रतिनिधिसभामा १२ सिट रहेको जनता समाजवादी पार्टी (जसपा) आइतबार अचानक फुटेको छ । एमाले-माओवादी नेतृत्वको सरकारलाई जोगाउन र माधव नेपालले गरिरहेको प्रधानमन्त्री बन्ने कसरतलाई असफल बनाउन जसपामा विभाजन गरिएको तथ्य खुलेको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादव अमेरिका भ्रमणबाट नफर्कँदै आइतबार जसपा फुटाइएको हो । स्वदेश फर्केपछि अध्यक्ष यादवले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिने र माधव नेपाललाई बहुमत पुर्‍याउन सघाउने प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीलाई डर थियो । जबकि यादव प्रचण्ड सरकारकै उपप्रधानमन्त्री र स्वास्थ्यमन्त्री छन् ।

उपेन्द्र यादवले अर्को गठबन्धनलाई सघाएमा अब उनीसँग १२ को साटो पाँचजना सांसद मात्र रहनेछन् । बाँकी ८ जनाले भने प्रचण्ड सरकारलाई नै साथ दिने छन् । यो विभाजन प्रचण्ड नेतृत्वको सरकारलाई ढाल्नका लागि नभई जोगाउनका लागि भएको देखिएको छ ।

अशोक राईको नेतृत्वमा ७ सांसदले गरेको दल विभाजनमा बहालवाला वनमन्त्री नवलकिशोर साह सुडीसमेत सहभागी हुनुले पनि के पुष्टि गर्छ भने अशोक राईको नेतृत्वमा फुटेको जसपा प्रतिपक्षमा बस्नका लागि नभई सरकारमै रहनका लागि हो । ‘ हामीले पटक-पटक सरकारको स्थायित्वबारे कुरा गरेका थियौँ तर नेतृत्वले त्यता ध्यान नदिएपछि हाम्रो विकल्प भएन’ जसपा नेता एवं मन्त्री साह भन्छन्, ‘सरकारलाई स्थिरता दिनका लागि पार्टी विभाजन गरेका छौं ।’





प्रचण्ड नेतृत्वको सरकार जोगाउनका लागि पार्टी फुटाइएकोमा जसपा नेता राजकिशोर यादवसमेत आश्चर्यचकित छन् । उनले भने, ‘म विभाजनको खबर सुनेर चकित भएको छु, म अहिले काठमाडौंबाहिर गाउँमा छु ।’

प्रचण्ड नेतृत्वको सरकारले पछिल्लो पटक विश्वासको मत लिँदा पक्षमा १५७ मत खसेको थियो । माधव नेपालको पार्टीले समर्थन झिक्दा सरकारको मत १४७ हुन जान्थ्यो । यसमा जसपाका १२ सांसद सरकारबाट बाहिरिँदा प्रचण्ड नेतृत्वको सरकारलाई १३५ जनाको मात्र समर्थन रहन गई अल्पमतमा पर्ने र ढल्ने डर थियो ।अब उपेन्द्र यादव र माधव नेपालले समर्थन नगर्दा पनि प्रचण्डसँग १४२ मत अर्थात बहुमत बाँकी रहनेछ र सरकार ढाल्न खोज्ने माधव नेपालको प्रयास असफल हुनेछ । यही आकलनसहित जसपालाई फुटाएर प्रचण्ड सरकारलाई सुरक्षित गरिएको जसपाका विद्रोही सांसदको तर्क छ ।

माओवादी-एमाले नेतृत्वको सरकारलाई टिकाइराख्ने उद्देश्यले जसपा फुटाइएको भनिए पनि यो खेलमा एमाले अध्यक्ष ओली र प्रधानमन्त्री प्रचण्डको समेत भित्री साथ सहयोग छ कि छैन भन्ने चाहिँ पुष्टि हुन बाँकी नै छ ।

प्रचण्ड नेतृत्वको गठबन्धन भत्काउन माधव नेपालले कसरत गरिरहेको ओली र प्रचण्डको बुझाइ छ । त्यसो गर्नका लागि कांग्रेसका ८९, एकीकृत समाजवादीका १०, जनमत पार्टीका ६, लोसपाका ४ सांसद जोड्दा १०९ सिट पुग्छ । यसमा जसपाका १२ सांसद जोड्दा १२१ पुग्थ्यो । तर, अब जसपा फुटेकाले ११४ मात्र पुग्छ । यसमा रास्वपा थपिने हो भने १२५ पुग्छ । ५ स्वतन्त्र र ३ नागरिक उन्मुक्ति पनि जोड्दा १३२ मात्र पुग्छ । बहुमत पुर्‍याउन राप्रपा (१४ सिट) समेत थप्नैपर्ने हुन्छ ।

यस अर्थमा जसपाको फुटले प्रचण्ड सरकार ढालेर अर्को गठबन्धन बनाउने च्याप्टर तत्कालका लागि बन्द हुने स्थिति छ ।

संसदमा २१ सिटको प्रतिनिधित्व गरिरहेको रास्वपाभित्र पनि सरकारमा बस्ने कि प्रतिपक्षमा बस्ने भन्ने विवाद बढेको छ । इलामको उपनिर्वाचनमा अपेक्षित परिणाम नआउनुको एउटा कारण गठबन्धन सरकारमा सहभागी हुनु पनि हो भन्ने बुझाइ रास्वपाका नेताहरुमा छन् ।यो स्थितिमा रास्वपा बाहिरियो भने प्रचण्ड सरकार के होला ? यो अंकगणित पनि बहसको विषय बनेको छ ।

यसैबीच अशोक राई नेतृत्व ‘जसपा’ले पार्टीका पदाधिकारी र केन्द्रीय समितिमा रहनेहरूको नाम टुंगो लगाएको छ ।जसपा नेपालकै जस्तो संगठनात्मक संरचना रहनेछ । आइतबार विभाजनपछि निर्वाचन आयोगमा केन्द्रीय कमिटीका ३० जनाले निवेदन दिएका छन् ।

पार्टीको संघीय परिषद्को अध्यक्षमा राजेन्द्र श्रेष्ठ रहने छन् भने केन्द्रीय अध्यक्षमा अशोक राई हुनेछन् । केन्द्रीय अध्यक्ष पार्टीको कार्यकारी भूमिकामा क्रयाशील हुने जसपा नेपालको जस्तो अभ्यास यो पार्टीमा पनि हुन्छ । पार्टीको सहअध्यक्षमा रेणु यादव रहनेछिन् भने उपाध्यक्ष ४ जना रहनेछन् । नवलकिशोर साह सुडी, रणध्वज लिम्बु, परशुराम बस्नेत र सुशीला श्रेष्ठ उपाध्यक्ष रहनेछन् । महासचिवमा मोहम्मद इस्तियाक राई, उपमहासचिवमा प्रदीप यादव, सचिवमा दीपक कार्की र रञ्जु ठाकुर तथा कोषाध्यक्षमा वीरेन्द्र महतो रहनेछन् । विभाजित पार्टीमा संघीय संसदका ७ जना सांसद छन् । वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमानसिंह पनि नयाँ पार्टीमा छन् ।

# नेपालीको औसत आयु बढेर ७१.३ वर्ष पुग्यो



झापा(प्रस) । राष्ट्रिय तथ्यांक कार्यालयले नेपालीको औसत आयु ७१.३ वर्ष पुगेको जनाएको छ । राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित ‘जनसंख्या साक्षरता’ र ‘जनसांख्यिक सूचक’ पुस्तक सार्वजनिक गर्दै तथ्यांक कार्यालयले उक्त तथ्य सार्वजनिक गरेको हो ।कार्यालयले १० वर्षअघिको तुलनामा अहिले नेपालको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायत अधिकांश सूचक सन्तोषजनक रहेको र औसत आयु बढेको जनाएको छ । यसैगरी, नेपालको वार्षिक जनसंख्या वृद्धिदर यसअघि एक दशमलव ३५ प्रतिशत रहेकामा अहिले घटेर शून्य दशमलव ९२ प्रतिशतमा झरेको छ । तथ्यांक कार्यालयका अनुसार अहिले सबैभन्दा बढी लुम्बिनी प्रदेशमा एक दशमलव २४ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम शून्य दशमलव २५ जनसंख्या वृद्धिदर रहेको छ ।

पछिल्लो जनगणनाअनुसार नेपालमा एकल परिवार ६० दशमलव एक प्रतिशत र संयुक्त परिवार ३९ दशमलव नौ प्रतिशत रहेको छ । बसाइँसराइ दर सबैभन्दा बढी गण्डकी प्रदेशमा प्रतिलाखमा चार हजार २७ र सबैभन्दा कम बाग्मतीमा ५४ रहेको तथ्यांक कार्यालयले जनाएको छ ।

प्रमुख तथ्यांक अधिकारी अर्जुनप्रसाद पोखरेलले आइतवार राजधानीमा विषयगत प्रतिवेदनसहितको दुई पुस्तक सार्वजनिक गर्दै चार सयभन्दा बढी जनसांख्यिक सूचक समेटेर तयार गरिएको पुस्तक नीतिनिर्माता, अनुसन्धानकर्ता, पत्रकारलगायत आमपाठकलाई उपयोगी हुने विश्वास व्यक्त गरे । तथ्यांक कार्यालयका निर्देशक ढुण्डिराज लामिछानेले राष्ट्रिय जनगणना २०७८ को विस्तृत विवरण सार्वजनिक गर्नेक्रममा आगामी आठ महिनाभित्र १६ वटा विषयगत प्रतिवेदन तयार गरी बाहिर ल्याउन लागेको जानकारी दिए ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ रहेको छ । हरेक १० वर्षमा जनगणना गर्ने व्यवस्था भएबमोजिम यसअघि २०६८ सालमा लिएको जनगणनाअनुसार नेपालको जनसंख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेको थियो ।

# दर्नाल परिवारलाई अन्याय !

झापा(प्रस) । करिव अढाई सय मिटर टाढा रहेको बिजुलीको ट्रान्सफर्मर बाटो विस्तारका क्रममा



आफ्नो घरको छेउमा जबर्जस्ती सार्न लागेको भन्दै बिर्तामोड १० पत्थरभिट्टाका भिष्म दर्नालले न्यायका लागि अपिल गरेका छन् । बिर्तामोड १० नं वडा कार्यालय र स्थानीय टोल विकास संस्थाले आफूलाई पेलेर आफ्नो घर छेउको पैनीको जग्गामा ट्रान्सफर्मर राख्न खोजेको उनले गुनासो गरेका छन् । पत्थरभिट्टा जाने सडक विस्तार गर्नेका क्रममा बीच बाटोमा परेको ट्रान्सफर्मर सार्ने विषयमा विवाद भएको हो । आफ्नो भान्सा घरको माथि ट्रान्सफर्मर राख्दा भैपरी आउन सक्ने भन्दै त्यहाँ नसार्न आग्रह गर्दासमेत सुनुवाई नभएको दर्नालले बताए । हाल अटो कुदाएर जीविकोपार्जन गरिरहेका दर्नालले वैदेशिक रोजगारीबाट कमाएको पैसाले १० धुर जग्गा किनेर घर बनाएका छन् । उनको घरको पश्चिमपट्टि करिव ८ फुटको पैनी नक्सामा देखिन्छ । त्यही जग्गामा ट्रान्सफर्मर राख्न खोजिएको हो । ‘ ममाथि अन्याय भयो ’ उनले भने,‘ मलाई न्याय दिलाइदिन सम्पूर्णलाई आग्रह गर्दछु ।’ स्थानीय सरकारले नै अन्याय गर्न खोजेको भन्दै उनले मानव अधिकारवादी, नागरिक समाज , संचारमाध्यमलाई सहयोग गरिदिन अपिल गरेका छन् । नम्बरी जग्गामा कसैले सार्न नदिएपछि पैनीको सार्वजनिक जग्गामा ट्रान्सफर्मर सार्न खोजिएको बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङले बताए । उनले टोल , वडा र नगरले समेत सोही उपयुक्त ठाउँमा

❖ बाँकी अन्तिम पृष्ठमा

# ट्र्याक्टरको ठक्करबाट अधिकारीको मृत्यु

झापा(प्रस) । शनिवार साँझ मेचीनगर १५ स्थित ज्यामिरगढी- चन्द्रगढी सडकमा ट्र्याक्टरको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।साँझ ७.३० बजेतिर गाहिनावारीस्थित सडकखण्डमा ज्यामिरगढीबाट चन्द्रगढीतर्फ आउँदै गरेको मे १ त ५३१९ नं को ट्र्याक्टरसंग विपरित दिशाबाट जाँदै मे ११ प ९०२ न. को



मोटरसाइकल ठोक्किएको थियो । दुर्घटनामा मोटरसाइकल चालक कचनकवल २ बस्ने २७ वर्षीय ज्ञान अधिकारीको मृत्यु भएको हो ।

घाइते अधिकारीलाई उपचारका लागि बिर्तासिटी हस्पिटल ल्याइएकोमा उपचारका क्रममा राति ८.३० बजेतिर मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

मृतक अधिकारी कचनकवल २ का पूर्व जनप्रतिनिधि चन्द्रशंखर अधिकारीका कान्छा छोरा हुन् । ट्र्याक्टर , ट्र्याक्टर चालक र मोटरसाइकललाई इलाका प्रहरी कार्यालय धुलाबारीले नियन्त्रणमा लिएको छ ।

# झापामा बढ्यो स्कुल बस दुर्घटना



झापा(प्रस) । पाँच दिनअघि बिर्तामोड ४ आनन्दगञ्जस्थित हर्कलाल मार्गमा दुईवटा स्कुल बस एकापसमा जुधे । तीब्र गतिका कारण तक्षशीला प्रोग्रेसिभ इङ्लिस स्कुल र निदी सेकेन्डरी स्कुलको बस जुध्दा चालक र सहचालक गरी दुईजना घाइते भए । सो घटना भएको पाँच दिनपछि आइतवार बुद्धशान्तिस्थित बुधबारे पुलचोकको हडिया पुलमा एरा एभरग्रीन स्कुलको बस पल्टिएको छ । गत मंगलवार बिर्तामोडमा दुर्घटना हुँदा र आयतवार बुधवारेमा दुर्घटना हुँदा ती स्कुल बसमा विद्यार्थी सवार थिएनन् । जसबाट ठूलो क्षति हुन जोगियो । झापाका विभिन्न विद्यालयका स्कुल बसहरु तीब्र गतिमा चलाउने गरेको पाइएको छ । चालकको लापरवाहीका कारण स्कुल बस दुर्घटना बढ्दै गएको छ । चालकलाई सचेत नगराए अझ ठूलो दुर्घटना हुने देखेर जिल्ला ट्राफिक प्रहरी कार्यालयले स्कुल बसका चालक तथा सहचालकहरुलाई अभिमुखीकरण गर्न थालेको छ ।

यसक्रममा शुक्रवार बिर्तामोडको न्यूटन्स् एजुकेशन एकेडेमी र तक्षशिला एजुकेशन फाउन्डेशनमा कार्यरत सवारी चालक तथा सहचालकहरुलाई कार्यालयमा उपस्थित गराई ट्राफिक सचेतना तथा अभिमुखीकरण कक्षा सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख , प्रहरी निरीक्षक नवराज न्यौपानेले बताए । उनले दुई-दुई वटा विद्यालयको दरले जिल्लाका सबै विद्यालयका सवारी चालक र सहचालकहरुलाई अभिमुखीकरण गरिने जानकारी दिए ।

गृह मन्त्रालयले विद्यार्थी बोक्ने सवारी साधनको गति निर्धारणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्राचार गरेको छ । झापामा गति मापन गर्ने यन्त्र नभएका कारण सवारी साधनको गति मापन गर्न सकिएको छैन । स्कुल बसका चालकहरुलाई नसिहतसहित संझाउने बुझाउने गरिएको प्रहरी निरीक्षक न्यौपानेले बताए ।

**ऋषिकेश**
Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects
100% Natural
Price Rs. 1500/-



Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# भारतले फेरि रोक्यो नेपाली चियाको निर्यात

झापा(प्रस) ।नेपालबाट भारत निकासी हुने नेपाली चियालाई भारत पक्षले फेरि रोकेको छ । चियाको प्रयोगशाला परीक्षण गर्ने बहानामा भारतले पछिल्लो पटक दुई दिनदेखि नेपाली चिया रोकेको हो ।

बैशाख पहिलो साता पनि रोकिएको चिया खुल्ला गरेको केही दिनमै पुनः भारतले रोकिदिएको इलामको सूर्योदय टी प्रोड्युसर्स एसोसिएसनका सचिव गोपाल कट्टेलले जानकारी दिए ।



'अहिले सीटीसी चियाका गाडी भारतको पानीट्यांकीमा रोकिएको छ । चियामा पुनः अवरोध भएपछि हामीले यहाँबाट चिया पठाएका छैंनौं' कट्टेलले भने, 'प्रत्येक गाडीको प्रयोगशाला परीक्षण गर्नुपर्ने भारतको शर्त हुन्छ । प्रत्येक गाडीलाई पानीट्यांकीमा लगेर कम्तीमा १५ दिन उभ्याउन हाम्रो खर्चले धान्दैन ।'

कट्टेलका अनुसार एक गाडी चियाको नमुना पठाएर त्यसको रिपोर्ट आउन करिब १५ दिन पर्खनुपर्छ । १५ दिनसम्म भारतीय भूमिमा पुगेको गाडीको खर्च नै धान्न नसक्ने अवस्था रहेको कट्टेलले बताए । परीक्षण गर्न एक गाडी चिया पठाउँदा रिपोर्ट आउने समयसम्म करिब एक लाख भारतीय रुपैयाँ खर्च हुने गरेको बताइएको छ ।

'अस्ति प्रधानमन्त्रीलाई हामीले ज्ञापनपत्र बुझाएर चिया खुल्ला गर्ने वातावरण बनाउन माग गरेका थियौं, तत्कालका लागि गाडी खुल्ला भयो । फेरि केही दिनमै अवरोध भएको छ' कट्टेलले भने, 'हामीले गत वर्षजस्तो चियाको प्रयोगशाला परीक्षण गरेपछि कम्तीमा तीन महिना त्यही रिपोर्टलाई आधार मान्नुपर्ने आवाज उठाउँदै आएका छौं । सरकार चियाप्रति गम्भीर देखिएको छैन ।'

गुणस्तरीय चिया उत्पादनको मुख्य यो सिजनमा इलाममा मात्र करिब ११ लाख किलो तयारी चिया गोदाममै थन्किएको छ । इलाम र पाँचथरबाट निकासी हुने अर्थोडक्स चिया प्रायःजसो नासा, आइओएमजस्ता अन्तर्राष्ट्रिय संस्थाबाट अर्गानिक प्रमाणीकरण भएर निकासी हुने गरेको व्यवसायीको भनाइ छ ।

भन्सार विभागको तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको नौ महिनामा दुई अर्ब १८ करोड ८९ लाख २२ हजार रुपैयाँ बराबरको ९८ लाख चार हजार ११ किलो चिया निकासी भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा दुई अर्ब ६६ करोड ५४ लाख १८ हजार रुपैयाँ मूल्यको एक करोड ३३ लाख ११ हजार ३ सय ४८ किलो चिया निकासी भएको तथ्याङ्कमा उल्लेख छ ।

## दर्नाल..

ट्रान्सफर्मर सार्ने सहमति जनाइसकेको जानकारी दिए । भान्सा घरलाई असर पर्ने भए भान्सा घर सार्नको लागि क्षतिपूर्तिको व्यवस्था गर्न सकिने उनको भनाई छ । बाटो विस्तारका क्रममा ट्रान्सफर्मर सार्नु पर्दा छेउछाउमै बाटोको साइडमा सार्नुपर्ने कार्यविधि रहेको नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रका प्रमुख संजीवकुमार शाहले बताए ।

स्थानीय उपभोक्ताहरुको भनाई बमोजिम ट्रान्सफर्मर सार्न लागिएको उनको भनाई छ ।


## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरुद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरुषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरुषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल


## सन्दीपको...

लामिछानेले पनि आफूले सफाइ पाउनुपर्ने जिकिर गर्दै पुनरावेदन दिएका थिए।

दुबै पुनरावेदनलाई उच्च अदालतले एकैसाथ राखेर सुनुवाइ गर्ने भएको हो। गत पुस १३ गते जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिर ढकालले बलात्कार मुद्दामा लामिछानेलाई दोषी ठहर गरेको थियो। पुस २५ गते सोही इजलासले उनलाई ८ वर्ष कैद सजाय, तीन लाख रुपैयाँ जरिवाना र पीडितलाई दुई लाख रुपैयाँ क्षतिपूर्ति भराउन पनि आदेश गरेको थियो।

तर जिल्ला अदालतले लामिछानेलाई सजाय कम दिएको भन्दै उच्च सरकारी वकिल कार्यालयले फागुन २९ गते मंगलबार उच्च अदालत पाटनमा पुनरावेदन दिएको थियो। उक्त पुनरावेदन उच्च अदालतले फागुन ३० दर्ता गरेको थियो।

त्यसअघि सन्दीप लामिछानेले पनि जिल्ला अदालतले आफूलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको विपरीत उच्च अदालत पाटनमा पुनरावेदन दिएका थिए।त्यसपछि उनले थुना बाहिर बसेर पुनरावेदन गर्ने सुविधा पाएका थिए।


## श्री हलुवागढ सामुदायिक वन उपभोक्ता समूह अर्जुनधारा-१ झापाको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०१ /२४**

श्री हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको ५११.५४ क्यु.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा सूचीकृत भएका प्रचलित कानून बमोजिम दर्ता भएको इच्छुक, स-मिल भेनियर तथा प्लाइउड उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

थप जानकारीको लागि फोन नं. ९८०७९७२७०२ मा कार्यालय समयमा सम्पर्क गर्न सक्नुहुने छ

## श्री हलुवागढ सामुदायिक वन उपभोक्ता समूह अर्जुनधारा-१ झापाको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०१/२४**

श्री हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको अस्ना (साज) जातको ७८२.६३ क्यु.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा सूचीकृत भएका प्रचलित कानून बमोजिम दर्ता भएको इच्छुक, स-मिल भेनियर तथा प्लाइउड उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

थप जानकारीको लागि फोन नं. ९८०७९७२७०२ मा कार्यालय समयमा सम्पर्क गर्न सक्नुहुने छ

## हात्तीपाईले रोग बिरुद्धको औषधि खाने अभियानबारे सूचना

नेपालमा जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाईले रोगले मानिसलाई सधैंका लागि अशक्त, अपाङ्गता र कुरुप बनाउँदछ ।त्यसैले हात्तीपाईले रोग लाग्न नदिन यो औषधि खानु बाहेक अरु बिकल्प छैन ।हात्तीपाईले रोग निवारणका लागि २०८१ बैशाखदेखि यस रोग बिरुद्धको औषधि खुवाउनका लागि स्वास्थ्यकर्मीहरु हरेक घर घरमा आउँदै हुनुहुन्छ ।यस अभियानमा खुवाईने औषधिहरु पूर्ण रुपमा सुरक्षित र प्रभावकारी छन् ।त्यसैले हामी सबैले अभियानको बेलामा औषधि खाउँ अनि परिवार र छिमेकीलाई पनि खान प्रोत्साहन गरौं । हात्तीपाईले रोगमुक्त समाजको निर्माण गरौं ।

**स्वास्थ्य कार्यालय झापा**

## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् । सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउन आउने ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८१/१/२४

यस संस्थासँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स). | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पतिरपत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| 1 | कृष्ण मैनाली | विर्तामोड-१० | विष्णु प्रसाद मैनाली | खाड्ग प्रसाद मैनाली | लिला सुवार | कृष्ण मैनाली | सैनिकबजार |
| 2 | लिला सुवार | विर्तामोड-१० | इन्द्र प्रसाद सुवार | देवी प्रसाद सुवार | कृष्ण मैनाली | कृष्ण मैनाली | सैनिकबजार |
| 3 | दिपक मैनाली | विर्तामोड-१० | विष्णु प्रसाद मैनाली | खाड्ग प्रसाद मैनाली | सुम्निमा सिटौला | विष्णु प्रसाद मैनाली/दिपक मैनाली | सैनिकबजार |
| 4 | सुम्निमा सिटौला | विर्तामोड-१० | डिल्लीराम सिटौला | राम सिटौला | दिपक मैनाली | विष्णु प्रसाद मैनाली/दिपक मैनाली | सैनिकबजार |
| 5 | जिवन मैनाली | विर्तामोड-१० | विष्णु प्रसाद मैनाली | खाड्ग प्रसाद मैनाली | भावना गौतम | विष्णु प्रसाद मैनाली | सैनिकबजार |
| 6 | भावना गौतम | विर्तामोड-१० | विष्णुभक्त गौताम | रजनीखर गौतम | जिवन मैनाली | जिवन मैनाली | सैनिकबजार |
| 7 | लोक बहादुर राई | विर्तामोड-१० | सेमकर्ण राई | रबिमान राई | गंगादेवी राई | गंगादेवी राई | सैनिकबजार |
| 8 | शर्मिला कुमारी चौधरी | बिर्तामोड-४ | भोला चौधरी | सुन्नीलाल चौधरी | ओम प्रकाश चौधरी | शर्मिला कुमारी चौधरी | बिर्तामोड |
| 9 | देवेन्द्र खरेल | बिर्तामोड-५ | कृष्ण प्रसाद खरेल | xl< gf<fo)f v<]n | – | देवेन्द्र खरेल, कृष्ण प्रसाद खरेल | बिर्तामोड |
| 10 | बोलि कुमारी नेम्बाङ्ग | बिर्तामोड-५ | भवानी नेम्बाङ्ग | आशिकराम नेम्बाङ्ग | भिम बहादुर श्रेष्ठ | बोलि कुमारी नेम्बाङ्ग | बिर्तामोड |
| 11 | blks v<]n | lj tf{df]* 6 | cl/gL k|;fb v<]n | (snfn v<]n | %ljdfof kf}*]n | nlIfdf v<]n | बुट्टाबारी |
| 12 | शान्तिराम विश्वकर्मा | बिर्तामोड ५ | डिल्ली प्रसाद विश्वकर्मा | रविलाल विश्वकर्मा | निरमाया गहते | शान्तिराम विश्वकर्मा, निरमाया गहत | महानन्दचोक |
| 13 | होमनाथ दुलाल | अर्जुनधारा-३ | विष्णु प्रसाद दुलाल | देवी प्रसाद दुलाल | निर्मला दुलाल | होमनाथ दुलाल, निर्मला दुलाल | खुदुनावारी |
| 14 | भरत कुमार डांगी | अर्जुनधारा-२ | केशर बहादुर डँगी | avt axfb{ *fuL | <]gsf kf}*]n | भरत कुमार डांगी | खुदुनावारी |
| 15 | उर्मिला तामाङ | अर्जुनधारा-३ | विर बहादुर तामाङ | फुरु तामाङ | विर बहादुर तामाङ | उर्मिला तामाङ | खुदुनावारी |
| 16 | सुदीप खड्का | अर्जुनधारा-३ | सुर्य बहादुर खड्का | ldq axfb{ v*\sf |  | सुर्य बहादुर खड्का | खुदुनावारी |
| 17 | मिना देवि तामाङ | अर्जुनधारा २ | राम बहादुर तामाङ | अमर बहादुर तामाङ | रतन बहादुर तामाङ | मिना देवि तामाङ | खुदुनावारी |
| 18 | चुन्नी शाह | अर्जुनधारा-८ | शुक्र शाह | सुकदेव प्र गुप्ता | सन्तोष गुप्ता | सन्तोष गुप्ता | शनिश्चरे |
| 19 | चन्द्र प्रसाद सुवेदी | अर्जुनधारा-१ | हरि प्रसाद सुवेदी | धर्मान्नद सुबेदी | भानु देवी पौडेल | बिष्णु प्रसाद सुवेदी / चन्द्र प्रसाद सुवेदी | शनिश्चरे |
| 20 | खगेन्द्र प्रसाद सापकोटा | अर्जुनधारा-७ | हरि भक्त सापकोटा | हरिनारायण साप्कोटा | कृष्ण देवी सापकोटा | कृष्ण देवी सापकोटा | शनिश्चरे |
| 21 | गोपाल प्रसाद घिमिरे | अर्जुनधारा-८ | राम प्रसाद घिमिरे | बद्रीलाल घिमीरे | प्रेम कुमारी घिमिरे | गोपाल प्रसाद घिमिरे | शनिश्चरे |
| 22 | निर्मला पौडेल | अर्जुनधारा-७ | जय प्रसाद ढुङ्गाना |  | घनश्याम पौडेल | निर्मला पौडेल | शनिश्चरे |
| 23 | संजिवकुमार गोम्देन तामाङ | अर्जुनधारा-१० | चन्द्र बहादुर तामाङ | पदम बा गोम्देन तामाङ | चन्द्रा गोम्देन | चन्द्रा गोम्देन | शनिश्चरे |
| 24 | नरदेवी तामाङ | अर्जुनधारा-११ | कर्ण बहादुर तामाङ | भिम ब तामाङ | बिर बहादुर तामाङ | देविमाया तामाङ | शनिश्चरे |

बिर्ता-अर्जुन क्षेत्रीय उपसमिति
नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# वायु प्रदूषणप्रति गंभीर बनौं

काठमाडौँ फेरि वायु प्रदूषणको हिसाबले विश्वकै पहिलो प्रदूषित शहरका रूपमा सूचीकृत भएको छ। 'एयर क्वालिटी इन्डेक्स'को बिहीबारको तथ्यांकअनुसार समग्र वायु गुणस्तर सूचकांक (एक्युआई) १६२ पुगेको छ। श्वासप्रश्वासका लागि अपरिहार्य वायु नै प्रदूषित बनेपछि मानव स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न हुनु स्वाभाविक हो। विशेष गरी देशका सहरी क्षेत्रमा सुख्खा मौसममा प्रायः हुने गरेको वायु प्रदूषणले केही वर्षदेखि अधिक असर पुऱ्याउन थालेको छ। वायुको गुणस्तर मापन गर्ने संस्थाहरूको प्रतिवेदन सार्वजनिक हुँदा खासगरी काठमाडौँ उपत्यका र मुलुकका अन्य प्रमुख सहरको वातावरण कहालीलाग्दो नै छ। काठमाडौँ उपत्यकाको वायु प्रदूषणको मात्रा त विश्वका प्रदूषित सहरहरूको सूचीमा बर्सेनि एक नम्बरमै पर्ने गरेकाले असर बढ्दो छ। विशेष गरी श्वासप्रश्वास र आँखासम्बन्धी रोगका बिरामीका कारण अस्पतालमा चाप बढेको समाचार सार्वजनिक हुँदै छन्।

वायु प्रदूषित हुनुका अनेक कारणमध्ये लामो समयदेखि वर्षा नहुनुलाई वातावरणविद्हरूले प्रमुख कारक मानेका छन्। खास गरी हिउँदमा वर्षा नहुनु, आगलागी र डढेलोका घटना अधिक हुनु, वायुको बहाव कम हुनु एवं वायुमण्डलमा धुवाँ तथा धुलोको मात्रा बढी हुनुले प्रदूषणको मात्रा धेरै भएको वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको प्रदूषण नियमन तथा नियन्त्रण शाखाको भनाइ छ। तुवाँलोको मात्रा बाक्लिएर जमिन सतहमा बस्दा हावाको बहाव तीव्र भएमा उडाउने सम्भावना हुन्थ्यो तर हावा नचल्ने र पानी पनि नपर्ने भएपछि प्रदूषणको मात्रा चुलिएको देखिन्छ।

फागुनको मध्यदेखि नै वनमा डढेलो लागेका घटना सार्वजनिक हुन थालेका थिए। मुलुकको कुल क्षेत्रफलको ४५ प्रतिशत भूभाग ओगटेको वनक्षेत्रका सयौँ स्थानमा डढेलो लागेको छ। बस्तीलाई पनि असर पुऱ्याएको छ। पछिल्लो समाचार अनुसार बागमती प्रदेशमा मात्रै करिब १४ हजार हेक्टर वनमा डढेलो लागेको प्रदेशस्थित वन तथा वातावरण मन्त्रालयले जानकारी दिएको छ। पूर्वदेखि पश्चिमसम्मै कुनै त्यस्तो वन छैन; जसमा डढेलो नलागेको होस्। वायुप्रदूषणको प्रमुख कारक नै आगलागी मानिएकाले मानिसले आफ्नो स्वास्थ्यमा आफैँले हानि पुऱ्याइरहेको देखिएको हो। हावाको गति स्थिर रहेर तुवाँलो फाट्न नसक्दा भूमिस्थ दृश्य (भिजिबिलिटी) मा कमी आएर हवाई उडानमा समेत प्रभाव परेको देखिएको छ। तुवाँलोले ढाकेर परपरको दृश्यसमेत नदेखिने भएपछि पोखरालगायतका पर्यटकीय क्षेत्रमा पुगेका पर्यटक फर्किन चाहेका तथा हवाई उडानसमेत प्रभावित भएकाले पर्यटन क्षेत्रमा गम्भीर असर पारेको होटल व्यवसायीहरूको भनाइ छ।

वायु प्रदूषणका कारण आँखा पोल्ने, रुघाखोकी लाग्ने, छाला चिलाउनेलगायतका अल्पकालीन रोगका साथै मुटु, फोक्सो तथा मस्तिष्कमा हुने दीर्घकालीन असरप्रति पनि चिकित्सकले सतर्कता अपनाउन सुझाव दिएका छन्। यस्तो बेलामा सकभर घरभित्रै बस्ने, बाहिर जानै परेमा गुणस्तरीय मास्क लगाउने, दम तथा श्वासप्रश्वासका बिरामीले विशेष सुरक्षा सतर्कता अपनाउनुपर्ने चिकित्सकीय रायप्रति सबैले ध्यान पुऱ्याउन आवश्यक छ।




# लगानीमैत्री कानुन र आर्थिक समृद्धि



• खिमलाल देवकोटा

मनमोहक परिदृश्य र समृद्ध सांस्कृतिक सम्पदा भएको नेपाल आर्थिक वृद्धि र विकासको अपार सम्भावना बोकेको मुलुक हो। यो सम्भावनालाई सदुपयोग गर्न निकै ठुलो लगानीको खाँचो छ। नेपालकै पुँजी र लगानीको क्षमताले नेपालको समृद्धि अपेक्षित मात्रामा सम्भव छैन। तसर्थ लगानीका लागि उपयुक्त वातावरण सिर्जना गर्नु पर्छ। स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न, आर्थिक गतिविधिलाई उत्प्रेरित गर्न र दिगो विकासलाई प्रोत्साहन गर्न लगानीमैत्री कानुनले महत्वपूर्ण भूमिका निर्वाह गर्छ। यो आलेखले नेपालमा लगानीमैत्री कानुनको महत्व खोज्छ, सुधारका लागि प्रमुख क्षेत्रहरू पहिचान गर्छ र देशको लगानीको वातावरण बढाउन सम्भावित रणनीतिहरूबारे छलफल गर्दछ।

**जारी लगानीमैत्री अध्यादेश**

नेपालमा लगानी गर्न कानुनी वातावरण छैन। लगानीमैत्री कानुनको खाँचो छ भन्ने आवाज उठिरहेको अवस्थामा लगानी सम्मेलनको पूर्वसन्ध्यामा विभिन्न नौ वटा कानुनलाई संशोधन गर्ने गरी अध्यादेश जारी भएको छ। उक्त अध्यादेशमा भूमिसम्बन्धी ऐन, २०२१ को जग्गा ऐन, २०२८ सालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०३४ सालको जग्गा प्राप्ति ऐन, २०६३ सालको विद्युतीय कारोबार ऐन, २०७३ सालको विशेष आर्थिक ऐन छन् भने २०७५ सालको सार्वजनिक निजी साझेदारी ऐनलाई परिमार्जन गरिएको छ। २०७५ सालको वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनसमेत परेका छन्। वन ऐन, २०७६ र औद्योगिक उद्यम ऐन, २०७६ लाई संशोधन गरी लगानीमैत्री बनाउने काम भएको छ। अध्यादेशमार्फत संशोधन गरिएका अधिकांश कानुन पञ्चायतकालीन छन्। केही कानुन नयाँ संविधान जारी भएपछि भर्खरै बनेका पनि छन्। यसले एकै पटक दुई वटा प्रश्नको जवाफको माग गर्छ। पहिलो, पञ्चायतकालीन कानुन अझै ज्युँदै छन् अनि तिनलाई पुनर्लेखन गर्न छोडेर अझै तिनैमा संशोधन किन गर्दै छ ? दोस्रो, प्रश्न संविधान जारी भएपछि भर्खरै बनेका कानुनले पनि लगानीमैत्री बनाउनमा यति छिटै अध्यादेशमार्फत कानुन संशोधन गर्न पर्ने गरी किन दूरदृष्टि राख्न नसकेका होलान् ? जे होस्, फेरि पनि सरकारले तत्कालका लागि आवश्यक कानुन अध्यादेशमार्फत भए पनि जारी गरेर लगानीमैत्री वातावरण बनाउन भरमग्दुर कोसिस गरेको छ। यो कामको सराहना गर्नै पर्दछ।

उदाहरणका लागि कुनै बेला हरियो वन नेपालको धन भनिन्थ्यो तर अहिले त्यो भाष्य फेरिएको छ। नेपालको वन कसै न कसैको धन बन्ने खतरा बनेको छ। वनको उपभोगमा रोक लगाउने, वनका रुख लडेर कुहिने, खेर जाने अनि फर्निचर विदेशबाट आयात गर्ने, विकासमा वन बाधक भन्ने भाष्य तयार भएका छन्। यस परिप्रेक्ष्यमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२८ मा भएको महत्वपूर्ण संशोधनले वन क्षेत्रमा विशेष गरी राष्ट्रिय प्राथमिकता मानिने वा लगानी बोर्डद्वारा स्वीकृत भएका आयोजना कार्यान्वयनलाई सहज बनाउने छ।

वनपछिको अर्को समस्या भनेको नेपालमा बसेर काम गर्न सकिन्छ तर विदेशी मुद्रामा आर्जन र भुक्तानी गर्नमा झन्झट छन् भन्ने भाष्यलाई सम्बोधन गर्न विद्युतीय कारोबार ऐन, २०६३ लाई परिमार्जन गरी विदेशी मुद्रा भुक्तानी प्रक्रियालाई सहज बनाइएको छ। यी दुई कामले उद्यमी र लगानीकर्ताका प्रारम्भिक माग सम्बोधन गरेको हुनु पर्दछ। यसै गरी विशेष आर्थिक क्षेत्रबाहिर सञ्चालित उद्योगका लगानीकर्ताले प्रयोग भएका मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा हस्तान्तरण गरी उद्योग सञ्चालन गर्न सक्ने गरी विशेष आर्थिक क्षेत्र ऐन, २०७३ परिमार्जन गरिएको हो भन्ने सरकारी भनाइ आएको छ। यी नयाँ व्यवस्थाले यी क्षेत्रमा उत्पादित वस्तुको निर्यातलाई सहज बनाउने विश्वास गर्न सकिन्छ।

राष्ट्रिय वनमा खनिज पदार्थ रहेको पत्ता लागेपछि वातावरणीय अध्ययन गरी प्रचलित कानुनबमोजिम सरकारबाट स्वीकृति लिई उत्खनन गर्न सहज बनाउन वन ऐन, २०७६ परिमार्जन गरिएको हो। राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगका आयोजनामा कच्चा पदार्थ प्रयोग गर्न दिने व्यवस्था मिलाइएको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ ले अब स्टार्टअप उद्यमहरूको दर्ता र सञ्चालनलाई सहज बनाउने प्रावधान समावेश गरेको छ। यसले लगानी गर्नमा रहेका समस्याको सम्बोधन गरेको होला भन्न सकिन्छ।

**लगानीमैत्री अध्यादेशको महत्व**

उद्यमशीलता, नवप्रवर्तन र आर्थिक समृद्धिलाई प्रोत्साहन गर्ने अनुकूल व्यावसायिक वातावरण सिर्जना गर्न लगानीमैत्री कानुन आवश्यक छ। कानुनी निश्चितता, सम्पत्ति अधिकारको संरक्षण र लगानीका लागि प्रोत्साहन प्रदान गरेर त्यस्ता कानुनहरूले पुँजी प्रवाहलाई आकर्षित गर्दछ। रोजगारी सिर्जनालाई उत्प्रेरित गर्छ। उत्पादकत्व वृद्धिलाई बढावा दिन्छ। यसका अतिरिक्त पनि बलियो कानुनी बन्दोबस्तले पारदर्शितालाई बढावा दिन्छ। नियामक निकायको बोझ घटाउँछ। अन्त्यमा लगानीकर्ताका लागि जोखिम घटाउँछ। जसले गर्दा विश्व बजारमा आत्मविश्वास र प्रतिस्पर्धात्मकता बढ्छ। यस कारण लगानीमैत्री कानुनको खाँचो परेको हो। सोही खाँचो पूरा गर्न अध्यादेशमार्फत भए पनि कानुनको संशोधन गर्ने बाटो सरकारले समातेको कुरा सहजै बुझ्न सकिन्छ।

**लगानी सम्बद्ध वर्तमान परिदृश्य**

अध्यादेशमार्फत कानुनको संशोधनपूर्व भन्ने गरिन्थ्यो कि आफ्नो प्रचुर सम्भाव्यता हुँदाहुँदै पनि नेपालले जटिल र छरिएर रहेका आपसमा समन्वयन भएका र परस्परविरोधी प्रावधान रहेका कानुनी बन्दोबस्तका कारण लगानी आकर्षित गर्न सकिएको छैन। देशको कानुनी प्रणाली झन्झटिलो र लगानीमैत्री हुन नसकेको नोकरसाहीतन्त्र, लगानीका लागि बिल्कुल नसुहाउने नियमहरू लगानी भित्र्याउन आइपर्ने थप चुनौती हुन् भन्ने पनि गरिएको हो। सम्पत्ति अधिकारमा स्पष्टताको कमी, लगानी प्रवाहमा बाधा र आर्थिक गतिविधिलाई अवरोध गर्ने थप कानुनी संरचनाका बारेमा टिप्पणी गर्ने गरिएको हो। लामो समयदेखि टिप्पणी गर्दै आएका विषयलाई सरकारले सम्बोधन गरेको छ। अब पालो लगानीकर्ताको हो। समस्या देखाउने, समस्याको समाधान भएपछि पनि परिणाम दिन नसक्ने हो भने टिप्पणी गर्नुको कुनै अर्थ हुँदैन। आजसम्म टिप्पणीलाई जायज ठहऱ्याउने जमात पनि विपक्षमा उभिने छ। तसर्थ अब लगानीकर्ताले लगानी गरेर देखाउन जरुरी छ। यसपछि मात्रै लगानीकर्ताको माग जायज थियो र अध्यादेशमार्फत भए पनि कानुन संशोधन गरेर सरकारले जायज मागको सम्बोधन गर्ने कदम सराहनीय थियो भन्ने स्वतः पुष्टि हुने छ। यसो भएन भने लगानीमैत्री कानुन भएन भन्ने टिप्पणी गलत र गलत टिप्पणीका आधारमा अध्यादेश ल्याउने सरकारी कदम झन् गलत भन्न करै लाग्ने छ। लगानीमैत्री कानुन जारी गर्नेबाहेक पनि नेपालमा निरन्तरका समस्याका रूपमा रहेका बाधा छँदै छन्। यत्रतत्र सर्वत्र भ्रष्टाचार, राजनीतिक अस्थिरता र कमजोर कार्यान्वयन संयन्त्र जस्ता मुद्दाले लगानीकर्ताको विश्वासलाई बढाउन मद्दत गर्दैन। बरु त्यस्तो विश्वासलाई थप घटाउँछ र स्वदेशी र विदेशी लगानीलाई रोक्छ। यो कुरा कानुन संशोधन गरेर पनि हुँदैन, कुनै अध्यादेश जारी गरेर पनि हुँदैन। व्यवहारमा परिवर्तन गर्न जरुरी छ।

**सुधारका मुख्य क्षेत्र**

नेपालको आर्थिक सम्भाव्यतालाई चुम्न र स्वदेशी वा विदेशी लगानी आकर्षित गर्न धेरै क्षेत्रमा सुधार आवश्यक छ। ऐन संशोधन त अध्यादेशमार्फत भयो तर नियम पुरानै छन्, तिनको सामयिक सुधार जरुरी छ। इजाजतपत्र प्रक्रियालाई सरल बनाउने, निर्णय प्रक्रियामा पारदर्शिता बढाउने जस्ता विषय पर्दछन्। सम्पत्ति अधिकारको सुदृढीकरण र तिनीहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विशेष गरी रियल स्टेट, पूर्वाधार र निर्माण जस्ता क्षेत्रमा लगानी आकर्षित गर्न जरुरी छ भनेर आवाज उठाइने गरेको छ। जग्गाको स्वामित्व स्पष्ट पार्ने, वैज्ञानिक भूमिदर्ता प्रणाली स्थापना गर्ने र सम्पत्ति विवाद समाधानका छिटोछरितो संयन्त्रको विकास गर्ने विषय पर्दछन्।

कर छुट, अनुदान र रणनीतिक क्षेत्रहरूका लागि प्राथमिकता दिने कुरा लगानीलाई प्रोत्साहित गर्ने आधार हुन्। यी प्रोत्साहनहरू राष्ट्रिय विकास प्राथमिकतासँग अनुकूल हुन जरुरी छ। यसका आधारमा लगानीकर्ता आकर्षित गर्नु पर्छ। कानुनी निश्चितता र स्थिरता लगानीकर्ताको विश्वास निर्माण गर्ने अर्को आधार हो। यसका लागि कानुनको शासन सुदृढ गर्न, न्यायिक निष्पक्षता, सक्षमता र स्वतन्त्रता अभिवृद्धि गर्न र लगानीसम्बन्धी विवादलाई प्रभावकारी रूपमा समाधान गर्न वैकल्पिक विवाद समाधान संयन्त्रको प्रवर्धन गर्न आवश्यक छ। सार्वजनिक खरिद, नियामक निर्णय लिने र भ्रष्टाचारविरोधी प्रयाससहित शासन प्रक्रियामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि, भ्रष्टाचारजन्य क्रियाकलाप कम गर्न जरुरी छ।

**लगानीमैत्री रणनीति**

नेपालको कानुनी संरचनामा अर्थपूर्ण सुधार भएका छन्। यसको लाभ लिन र उपलब्धि हासिल गर्न सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारहरूका बिचमा आपसी समन्वय चाहिन्छ। यसका लागि नीति समन्वय कार्यान्वयनकारी निकाय र अधिकारीको क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरण, सार्वजनिक-निजी क्षेत्रबिचको संवाद बढाउन जरुरी छ। पुराना प्रावधानहरू, विसङ्गतिहरू र लगानीमा अवरोध पहिचान गर्न विद्यमान नियमहरूको व्यापक समीक्षा गर्ने र यी मुद्दालाई सम्बोधन गर्न आवश्यक नियम, कार्यविधि र तिनको अभ्यासमा सुधार लागु गरेर लगानीका लागि सक्षम कानुनी वातावरण सिर्जना गर्न आवश्यक छ।

**निष्कर्ष**

नेपालको आर्थिक सम्भावनालाई प्रवर्धन गर्न, लगानी आकर्षित गर्न र दिगो विकासका लक्ष्य हासिल गर्न लगानीमैत्री कानुनको प्रभावकारी कार्यान्वयनको माध्यमबाट मात्रै सम्भव छ। नियामक निकायको सरलीकरण, सम्पत्ति अधिकार संरक्षण, लगानी प्रोत्साहन, कानुनी निश्चितता र पारदर्शिता जस्ता प्रमुख क्षेत्रहरूमा देखिने खालका सुधार गरेर आर्थिक वृद्धि, रोजगारी सिर्जना र समृद्धिलाई प्रोत्साहन गर्ने लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्न सकिन्छ। यद्यपि यो दृष्टिकोणलाई साकार पार्न अर्थपूर्ण सुधार कार्यान्वयन गर्न र जीवन्त तथा समावेशी अर्थतन्त्र निर्माण गर्न सरोकारवालाबिचको ठोस प्रयास, राजनीतिक इच्छाशक्ति र सहकार्य भने त्यति नै आवश्यक छ।

# प्रकोपविरुद्ध रैथाने प्रविधि



• हरिबहादुर थापा

पानीको सांस्कृतिक पक्षलाई संरक्षण र सम्मान गर्दै यसको उपयोगबाट जीवन र जीविकोपार्जनलाई सहजीकरण गर्ने हाम्रो परम्परा हो। पछिल्लो समयमा पानीको जैविक तथा मानवीय पक्षसँगै यसको आर्थिक आयाम पनि महत्वका साथ चर्चा गरिन्छ। पानीको धार्मिक तथा सांस्कृतिक आयामलाई आधुनिक राज्यको कानुनले समेत नकार्न सकेको छैन। पछिल्लो समय विश्वव्यापी चर्चा र चासोका रूपमा रहेका वातावरणीय सन्तुलन, जलवायु परिवर्तन तथा जैविक विविधताको संरक्षणमा पनि पानीलाई एक महत्वपूर्ण तर जोखिमयुक्त तत्वका रूपमा लिइन्छ।

स्वच्छ पानीको उपलब्धताका आधारमा राम्रो अवस्था रहेको भनिएको हाम्रो मुलुकमा पानीको भौगोलिक र समयबद्ध उपलब्धता, गुणस्तर, स्रोत परिचालन र पानीजन्य विपत्का घटनाका कारण पानी व्यवस्थापन आफैँमा चुनौतीपूर्ण कार्य हो। सन् १९९० को राजनीतिक परिवर्तनपश्चात् भौतिक विकासनिर्माण कार्यमा चौतर्फी लगानी तथा चासो बढेको र विकासका सूचकाङ्कमा उल्लेख्य उपलब्धि हासिल भएको तथ्याङ्क देखिन्छ। तथापि पानीको दीर्घकालीन संरक्षण, दिगो विकास र प्रदूषण नियन्त्रणमा उल्लेख्य चासो र प्रगति हासिल गर्न कठिनाइ परेको छ। उपत्यकाको नदी प्रणालीको उत्थान आफैँमा एउटा ठुलो चुनौतीपूर्ण कार्य रहँदै आएको छ। मनसुनको समयमा पहाडमा जोखिमपूर्ण पहिरो र खहरेको ताण्डव अनि तराई र सहरका अधिकांश भूभागमा हुने डुबानका समस्याबाट समुदायले भोग्ने कष्ट एकातिर छ भने अर्कोतिर जलवायु परिवर्तनको प्रतिकूल असरका रूपमा व्याख्या गर्दै आएको वर्षाका चरम प्रकृतिका घटनाको वृद्धिले सिँचाइ प्रणाली, जलविद्युत् उत्पादन केन्द्रहरू तथा खानेपानी आपूर्ति प्रणालीको कार्यक्षमतामा ह्रास मात्रै होइन, तिनको सान्दर्भिकता र औचित्यमा समेत प्रश्न उठ्ने जोखिम बढेको छ। यी यावत् चुनौतीसँग जुधेर त्यसबाट हामीले हाम्रो अपार भनिएको जलस्रोतको उपलब्धतालाई मुलुकको समृद्धिको आधार प्रमाणित गर्न एक पटक एक कदम पछाडि फर्किएर हाम्रा विकासे नीति, कानुनी प्रबन्ध, अभ्यासका अनुभवहरू, परम्परागत रैथाने ज्ञान र सुधारका सम्भावनाको खोजी गर्नैपर्ने बेला भएको छ।

**पोखरी संस्कृति**

भूमध्यसागर वरपर पोखरीमा पानी जम्मा गर्ने प्रचलन सुरु भएको नौ हजार वर्ष पुरानो इतिहास भए पनि नेपालमा भने लिच्छवि वंशीय शासनको बेला करिब नौ सय वर्ष पहिलादेखि पोखरी संस्कृति भित्रिएको दस्ताबेज भेटिन्छन्। चर्चित पानी अध्येता तथा खोजकर्ता साफल्य अमात्यको दाबी अनुसार भने उपत्यकामा त्यो समयभन्दा धेरै अघि नै पोखरी निर्माण भएको इतिहास छ (मधुकर उपाध्याय, २०६९)। पहाडमा पानी पोखरी निर्माण र संरक्षण परम्परागत समाज र समुदायको अभिन्न सांस्कृतिक आभूषणका रूपमा रहँदै आएको हो। लामो यात्राका बटुवाको बिसौनी, स्थानीय खेतीपाती, कामकाज र धार्मिक एवं सांस्कृतिक क्रियाकलापलाई सहयोग पुग्ने गरी चौतारी निर्माण गरी वरपिपलको रुख रोप्ने अनि सँगै पोखरी खनेर बर्खाको पानी सङ्कलन गर्ने परम्परा अहिले लगभग लोप भएको मात्रै होइन, विकासनिर्माणको क्रममा यस्ता संरचना मासिने रफ्तार तीव्र गतिमा रहेको छ। पहाडी क्षेत्रमा यस्ता पोखरीले बर्खाको बेला पानी सङ्कलन गरिराख्ने र हिउँदको सुक्खा समयमा त्यसको बहुउपयोग हुने प्रचलन थियो। बर्खाको बेलामा पहाडी भूभागमा परेको वर्षाको ठुलो अंश यस्ता पोखरीमा जम्मा हुनाले ठाडो भिरालो र कमजोर जमिनमा भूस्खलनको समस्यामा स्वतः कमी आउने मात्र होइन, मलिलो माटो बगाएर टाढा पुऱ्याउनबाट बचाउँथ्यो र माटोको उर्वराशक्ति जोगाइराख्न ठुलो मद्दत मिल्थ्यो। भदौ महिनापश्चात् मनसुनको पानी कम हुँदै जाँदा पोखरीमा जम्मा भएको पानीले जमिनको चिस्यान कायम राख्न मद्दत गरी कृषि बालीलाई सहयोग पुग्ने गर्दथ्यो। आवश्यक परेको बखत सिँचाइकै लागिसमेत उक्त पानी प्रयोग गर्ने अभ्यास थियो। हिउँद लाग्दै गर्दा कृषि र पशुपालनमा निर्भर पहाडमा पिउने पानीको अभाव हुँदै जान्थ्यो अनि घरपालुवा पशुलाई पिउन, आहल बस्न तथा वरिपरिको प्राकृतिक वातावरणलाई सुक्खा हुनबाट यस्ता पोखरीमा जम्मा भएको पानीले ठुलो योगदान दिने गर्दथ्यो।

अग्ला अग्ला पहाडका टुप्पामा अझै पनि सानाठुला पोखरी देखिन्छन्। ती पोखरीका कारण जलचर, वन्यजन्तु तथा स्थानीय पर्यावरणको अस्तित्व बचाउन मद्दत पुगेको हुन्छ। कतिपय स्थानको नामसमेत यिनै पोखरीकै नामबाट राखिएको हुन्थ्यो। बस्तीको नजिक रहेका पोखरीमा जम्मा भएको पानीले बस्तीमा हुन सक्ने आगलागीका घटनामा उद्धार गर्नसमेत उपयोग हुने गरेका थिए तर अहिलेको परिवेशमा त्यस्ता पोखरीको संरक्षण हुन सकेन र अस्तित्वसमेत मेटिँदै गएको छ। उपत्यकामा रहेका विभिन्न पोखरीमध्ये केही पोखरी अहिले पनि कुनै न कुनै रूपमा संरक्षित भएकाले ती पोखरी आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको बिन्दु बनेका छन्।

पहाडी तथा ग्रामीण क्षेत्रमा भएका परम्परागत पोखरी खेल मैदान, सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता कार्यका नाममा नामोनिसान मेटिँदै गएका छन्। तराई क्षेत्रमा अहिले व्यावसायिक मत्स्यपालनका लागि ठुला ठुला पोखरी निर्माण गर्ने प्रचलन बढे पनि सामुदायिक हितका लागि निर्माण भएका परम्परागत पोखरी जोगाउन कठिनाइ परिरहेको छ। पछिल्लो समयमा केही पहाडी क्षेत्रमा पुराना पोखरीको पुनर्स्थापना र सिँचाइका लागि पोखरी निर्माण गर्ने अभ्यास पनि भएका छन्। सिँचाइका लागि पोखरी निर्माण गर्दा रैथाने विधि र सामग्रीभन्दा पनि सिमेन्ट तथा प्लास्टिक प्रयोग गरिने भएकाले यसले परम्परागत पोखरीको तिर्सना भने मेट्न सक्दैन।

**बाढी र पोखरी**

बाढी नियन्त्रणका लागि पोखरी संस्कृति प्रभावकारी विधि हो भन्ने तथ्य बुझ्न हामीलाई ढिला भइसकेको छ। सहरी बाढी काठमाडौँ उपत्यका वा नेपालको मात्र नभई विश्वका विकसित मुलुकहरूका लागि पनि ठुलो चुनौतीका रूपमा देखा परेको छ। उपत्यकाको भौगोलिक अवस्थालाई नियालेर हेर्ने हो भने परम्परागत रूपमा यसको वरिपरि भित्तामा खेती गर्ने र समथर भूभागमा मात्रै ठुलो बस्ती रहेको र ती बस्तीबिचमा पनि नदी प्रणालीको सघन सञ्जाल रहेकाले केही दशकअघिसम्म सहरी क्षेत्रमा बाढी तथा डुबानको समस्या थिएन।

खेती प्रणाली भएको जमिनमा परेको पानी यसले सोसेर लिने अनि खेतका हरेक गरो आफैँमा साना पोखरी जस्ता थिए। जमिनमा परेको पानीको ठुलो हिस्सा जमिनमा सोसिएर जाने, खेतका आली तथा गरोमा पानी केही समय जमेर रहने अनि केही समयपछि वा ठुलो वर्षा भएपछि मात्र बगेर नदी प्रणालीमा पुग्ने हुनाले नदी प्रणालीमा बाढीका घटना देखे पनि बस्तीमा डुबानको समस्या उपत्यकावासीले बेहोर्नु परेको थिएन। यसरी पानी जम्दा जमिनको चिस्यान लामो समय रहने; जसले गर्दा केही समय पानी नपर्दा पनि कृषि बालीमा प्रतिकूल असर पर्दैनथ्यो अनि भूमिगत जल भण्डार पुनर्भरणमा पनि सघाउ पुग्ने गर्दथ्यो। पछिल्लो समय सडक निर्माणलाई नै विकासको पर्याय मानिएको छ। पहाडी भूधरातलको संवेदनशीलता ख्याल नगरी रेखाङ्कन तथा विस्तार गरिएको सडक सञ्जालले परम्परागत पानी निकासलाई नै पथान्तरण गरिदिएको छ। यसले स्थानीय स्तरमा भूक्षय तथा पहिरो अनि बाढीका घटनालाई बढाएको तितो यथार्थ हो।

पहाडी क्षेत्रमा पानीको मूल, पानीको परम्परागत निकास प्रणाली तथा भौगोलिक अवस्थितिको अध्ययन गरी सो अनुसार एकीकृत पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गर्न सकिएको भए सो अनुसार परम्परागत पोखरी संरक्षण हुने मात्र होइन, विकास पनि हुने थिए। पोखरी निर्माणले बर्खाको समयमा पानी भण्डारण हुने, पानीको वेग नियन्त्रण हुने, पर्यावरण संरक्षण अनि नदी प्रणालीमा बर्खाको पानी पुग्ने समय घट्ने भएकाले पहाडी क्षेत्रमा पहिरो तथा बाढी नियन्त्रणमा ठुलो योगदान पुग्ने थियो। उपत्यका तथा तराई क्षेत्रमा निर्माण हुने यस्ता पोखरीले बाढी नियन्त्रणका अलावा भूमिगत जलस्रोत पुनर्भरणमा समेत उल्लेख्य योगदान पुऱ्याउन मद्दत गर्न सक्छन्।

पोखरी, बाढी नियन्त्रण र पुनर्भरण

तराईमा सिँचाइ र उपत्यकामा पिउने पानीका लागि भूमिगत स्रोतको अत्यधिक दोहनले यसको भण्डारण घटाएको मात्र नभई भौगर्भिक जोखिमसमेत बढाएको अध्ययनले देखाएका छन्। पोखरी निर्माणलाई अभियानका रूपमा सुरु गर्ने हो भने यस्ता क्षेत्रमा बाढीको जोखिम घटाउने र भूमिगत पानीको भण्डारलाई सन्तुलित राख्न योभन्दा सुलभ र बहुउपयोगी विधि अर्को हुनै सक्दैन। सहरी बाढी एवं डुबान नियन्त्रण र भूमिगत स्रोतको पुनर्भरणका लागि हरेक घर तथा भवनलाई अनिवार्य बर्खाको पानी सङ्कलन, उपयोग र पुनर्भरणको संरचना र संस्कृति निर्माण गर्न प्रोत्साहन गर्न सकिन्छ।

पहाडमा 'एक बस्ती एक पोखरी', तराईमा 'एक घर एक पोखरी' र सहरमा 'हरेक घर वर्षात्को पानीको भर' भन्ने संस्कृतिको विकास गर्नु जरुरी छ। पोखरी संस्कृतिको विकासले मात्रै हामीले बाढीका घटनामा कमी ल्याउन तथा त्यसका प्रतिकूल प्रभाव घटाउन अनि पर्यावरण संरक्षण र पुनर्भरण बढाउन सफल हुने छौँ। अन्यथा जब पोखरी लुप्त हुँदै जाने छन्, बाढीका घटना र असर बढ्दै जानु स्वाभाविकै हो। वैदेशिक पुँजी, प्रविधि र परिवेशका महँगा आयोजना हाम्रो परिवेशका लागि परिकल्पना र अपेक्षा गर्नुभन्दा हाम्रो जस्तो भौगोलिक संवेदनशीलता, सीमित स्रोतसाधन, प्रविधि अनि पानीमा निर्भर जीविकोपार्जन र संस्कृति भएको मुलुकका लागि हाम्रै मौलिक अनुभवसिद्ध प्रविधिको पहिचान, संरक्षण र विस्तार गर्नु नै उपयुक्त विकल्प हुन सक्छ।

# साढे सोह्र लाख किसान सूचीकृत




झापा(प्रस) ।कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसान वर्गीकरणको कार्यलाई तीव्रता दिएको छ। त्यसका लागि किसानलाई सूचीकृत गर्ने कार्य गरिरहेको छ । कृषि मन्त्रालयले शुक्रबारसम्म १६ लाख ५५ हजार किसान घरपरिवार सूचीकृत गरिसकेको छ।

कृषि मन्त्रालयले आर्थिक वर्षको अन्तिमसम्म १८ लाख किसान घरपरिवार सूचीकृत गर्ने लक्ष्य राखिएको सो मन्त्रालयका सहसचिव प्रकाश सञ्जेलले जानकारी दिए । आगामी आवमा किसान सूचीकरण गर्ने कार्य सकाएर नमुनाका रूपमा भए पनि केही किसानलाई परिचयपत्र वितरण गर्ने तयारी रहेको उनले बताए। राष्ट्रिय जनगणना २०७८ का अनुसार ४१ लाख घरधुरी किसान छन्। त्यसलाई आधार मान्ने हो भने अगामी आवमा २३ हजार घरधुरी किसानलाई सूचीकरण गर्नुपर्ने हुन्छ । हाल दैनिक तीन हजारका दर किसान सूचीकृत भइरहेका छन्। यो हिसाबले अगामी आवमा किसान सूचीकृत गर्ने कार्य सकिने आफूहरूको आकलन रहेको बताउँदै उनले सूचीकृत किसानलाई परिचयपत्र पनि वितरण गर्ने योजना रहेको बताए । यी सब काम गर्नका लागि बजेट चाहिन्छ, समयमा चाहिएको जति बजेट प्राप्त भयो भने सबै काम तोकिएको समयमा सकिने उनले दाबी गरे । मन्त्रिस्तरीय निर्णयबाट बनेको कार्यविधिका आधारमा किसान सूचीकरणको काम भइरहेको छ। यसलाई पूर्ण रूपमा सञ्चालन गर्नका लागि किसान सूचीकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०८१ को मस्यौदा तयार भएको छ। सो मस्यौदा मन्त्रालयमा छलफलका लागि पठाइएको बताउँदै सहसचिव सञ्जेलले अगामी आवमा निर्देशिका पनि कार्यान्वयनमा ल्याएर काम थालिने बताए ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली-२०८० पारित भएको छ। त्यसमा पनि किसान वर्गीकरणको कुरा समावेश छ । सो नियावलीको आधारमा निर्देशिका बनाएर कामलाई अगाडि बढाउने र पछि यसको छुट्टै नियमावली बनाउने उनले बताए । सूचीकरण भइसकेका किसानलाई वर्गीकरण गरी त्यसलाई परिचयपत्र दिने र त्यसैका आधारमा सेवासुविधा वितरण गर्ने तयारी भइरहेको कृषि मन्त्रालयले जनाएको छ ।

एउटा किसानको सम्पूर्ण विवरण सरकारले सङ्कलन गरिसकेपछि त्यसको तह निर्धारण गर्ने छ र सोही तह अनुसार किसानलाई परिचयपत्र दिएर सुविधा दिनुका साथै कृषिको योजना तथा कार्यक्रम तयार गर्ने उनले जानकारी दिए । किसानको विवरण सङ्कलन गरिसकेपछि प्रणालीमा सम्बन्धित किसानको व्यक्तिगत खाता पनि सिर्जना गरिने छ र सोही खाताका आधारमा किसानलाई सङ्केत नम्बर दिइने छ ।

# तास खेलिरहेका ७ जना पक्राउ



झापा(प्रस) । मोरङको सुन्दरहरैंचा नगरपालिका-१० खोर्सानेको प्रतिभा टोलबाट तास खेलिरहेकोअवस्थामा ७ जनालाई प्रहरीले पक्राउ गरेको छ।

प्रेमबहादुर चौहानको २ तले पक्की घरको दोस्रो तलामा तास खेलिरहेकाहरु शनिबार साँझ पक्राउ परेका हुन्। पक्राउ पर्नेमा घरधनी ५९ वर्षीय प्रेमबहादुर चौहान, सुन्दरहरैंचा-१० का ४९ वर्षीय कुमार पुरी, ३६ वर्षीय हेमबहादुर थापा, ४८ वर्षीय ध्रुव अधिकारी, ५० वर्षीय यामकुमार प्रधान, सुन्दरहरैंचा-१२ का ३८ वर्षीय डम्बरराज बस्नेत र केराबारी गाउँपालिका-६ का ४३ वर्षीय रोविनकुमार घिमिरे रहेका छन्।

तास खेलिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको वरिष्ठ सइ (प्रहरी वरिष्ठ नायव निरीक्षक) शुभेन्द्रकुमार कर्ण नेतृत्वको टोलीले उनीहरुलाई पक्राउ गरेको हो। पक्राउ परेकाहरुको सम्बन्धमा बेलबारीका इन्स्पेक्टर तेजबहादुर दाहाल नेतृत्वको टोलीले अनुसन्धान गरिरहेको छ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार तासको खालबाट ६८ हजार १ सय १५ रूपैयाँ नगद र चार बुङ (२ सय ८ पत्ती) तासममेत बरामद भएको छ। पक्राउ परेकाविरुद्ध कानुनी कारबाही अघि बढाउन आइतबार म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया सुरु गरिएको बस्नेतले जानकारी दिए।

# मुहान सुकेपछि खानेपानीका लागि ट्यांकरमा निर्भर

झापा(प्रस) ।सुख्खाका कारण खानेपानीको मुहान सुकेपछि पाँचथरको हिलिहाङ गाउँपालिका-७ का तीन सय बढी घरमा ट्यांकरबाट पानीको प्रबन्ध भएको छ । हिलिहाङ-७ का चुक्फारा, माझीगाउँ, डाँडागाउँ र सिमखर्क बस्तीका तीन सयभन्दा बढी परिवारले उपयोग गर्दै आएको साँचेखोला खानेपानीको मुहान सुकेपछि ट्यांकरबाट खानेपानीको व्यवस्था गरिएको हो । ट्यांकरमा सोही वडाको हेवाखोला छेउमा रहेको मुहानमा पानी जम्मा गरी सल्लेरीमा रहेको पाइप लाइनबाट साँचेखोला खानेपानी आयोजनाको ट्यांकीमा संकलन गरिएको छ । यहाँ निर्माण गरिएका २० र ६० हजार लिटर क्षमताका दुईवटा ट्यांकीमा जम्मा गरी खानेपानी वितरण गर्ने गरिएको साँचेखोला खानेपानी आयोजनाका अध्यक्ष तिलविक्रम इधिङ्गोले बताए।

"मुहान सुकेपछि उपभोक्ता मिलेर वडा कार्यालय, हिलिहाङ गाउँपालिकालगायत निकायमा जानकारी दियौँ", खानेपानी वितरणको अगुवाइ गरिरहेका अध्यक्ष इधिङ्गोले भने "पानीको हाहाकार हुन थालेपछि स्थानीयवासीकै सक्रियतामा खानेपानी ल्याउन थालेका हौँ ।" यहाँ वैशाख १५ देखि ट्यांकरको सहायताले निरन्तर खानेपानी वितरण भइरहेको इधिङ्गोले बताए।



तीन सयभन्दा बढी उपभोक्तामध्ये ४५ घरका उपभोक्ताले तीनधारे मुहानबाट दुई घण्टा पानी बोकेर लैजाने गरेका छन् । स्थानीय कौशिला बराइली पानीको जोहो गर्न दैनिक एक घण्टाभन्दा समय खर्चनु परेको बाध्याता सुनाइन्।

स्थानीयवासीले ट्यांकरबाट खानेपानीको प्रबन्ध गर्न थालेपछि फिदिम नगरपालिका, फिदिम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, हिलिहाङ-७ वडा कार्यालय, एपेक्स निर्माण कम्पनी, इन्द्र योक्पाङ्देनलगायत स्थानीयवासीलाई सहयोग गर्दै आएका छन् । खानेपानीको समस्या भोगिरहेका हिलिहाङ गाउँपालिकाका सातवटै वडाका लागि बृहत् सुभाङ खानेपानी आयोजना निर्माण भइरहेको छ। हिलिहाङ-७ को साविक भारपा गाविसका लागि उक्त बृहत् आयोजनाअन्तर्गत नै साँचेखोला 'बी' योजना निर्माण भइरहेको छ। हिलिहाङ गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीका अनुसार बृहत् आयोजनाको निर्माण कम्पनीले भुक्तानी नपाएका कारण काम रोकेको छ । साँचेखोला 'बी' उपयोजनाको मुहानभन्दा पाइप लाइनको केही भाग माथि बनेका कारण उक्त उपयोजना तत्कालै सञ्चालन हुन नसक्ने अवस्थामा छैन ।

साविक भारपा गाविस वडा नं ६, ७, ८ र ९ का लागि २०५३ सालमा साँचेखोला खानेपानी योजना निर्माण थालिएको थियो । उक्त योजना सशस्त्र द्वन्द्वका कारण प्रभावित भई २०६९ देखि पानी वितरण सुरु भएको थियो ।

पुरानो साँचेखोला योजनाभन्दा करिव दुई सय ५० मिटर तलको मुहानमा बृहत् आयोजनाअन्तर्गत साँचेखोला 'बी' निर्माण भएको हो । यद्यपि प्राविधिक, निर्माण कम्पनी र तालुकदार निकायबीच समन्वय नहुँदा उक्त उपयोजनाको ट्रान्समिसन लाइनको केही भाग मुहानभन्दा माथि निर्माण भएपछि एक हजारभन्दा बढी उपभोक्ता पेयजल प्राप्तिको आधारभूत सुविधाबाट वञ्चित भएका छन् ।

# तेह्र प्रतिशतले बढ्यो पर्यटक आगमन



झापा(प्रस) । सन् २०२४ को सुरुदेखि नेपालमा हवाईमार्गबाट भित्रिने विदेशी पर्यटकको आगमन दर उत्साहजनक रूपमा बढ्दै गएको छ। पर्यटकीय सिजन चलिरहँदा सबैभन्दा बढी पर्यटक भित्रिएको सन् २०१९ को अप्रिलको तुलनामा सन् २०२४ को अप्रिलमा दुई प्रतिशत र सन् २०२३ को तुलनामा झन्डै १३ प्रतिशतले पर्यटक आगमन बढेको छ ।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले भने, "सन् २०१९ को अप्रिलमा एक लाख नौ हजार ३९९ पर्यटक नेपाल आएका थिए। सन् २०२३ को सोही अवधिमा ९८ हजार ७७३ जना विदेशी नेपाल भित्रिएका थिए। अघिल्लो अप्रिलको तुलनामा यो वर्ष १३ प्रतिशतले विदेशी पर्यटक आगमन बढ्दै एक लाख ११ हजार ३७६ जना भित्रिएका छन् ।"

सन् २०२४ को चार महिनामा पर्यटक आगमन मासिक सरदर एक लाख नाघ्न थालेको उनले जानकारी दिए। कोरोना महामारीले प्रभाव पारेको वर्ष सन् २०२० को अप्रिलमा सबैभन्दा कम १४ जना मात्रै पर्यटक नेपाल आएका थिए। त्यस्तै गरी सन् २०२१ को अप्रिलमा २२ हजार ७३२ र सन् २०२२ को अप्रिलमा ६१ हजार ५८९ पर्यटक भित्रिएको बोर्डको तथ्याङ्कले देखाएको छ।

बोर्डका अनुसार सन् २०२४ को जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार ४२६ र मार्चमा एक लाख २८ हजार १६७ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। यो वर्षको अप्रिलमा सबैभन्दा बढी भारतीय पर्यटक नेपाल भित्रिएका छन्। सो अवधिमा भारतबाट ३० हजार १५८, अमेरिकाबाट नौ हजार ९४७, चीनबाट नौ हजार ७५०, बेलायतबाट पाँच हजार ३९१, अस्ट्रेलियाबाट चार हजार ११०, बङ्गलादेशबाट चार हजार तीन, फ्रान्सबाट तीन हजार ७५५, जर्मनीबाट तीन हजार २७०, रसियाबाट दुई हजार ९७७ र मलेसियाबाट दुई हजार ३१० जना पर्यटक नेपाल आएका छन् ।पर्यटक आगमन दर अहिलेकै अवस्थामा बृद्धि हुँदै गए सन् २०२४ सबैभन्दा बढी पर्यटक भित्रिन सक्ने बोर्डले प्रक्षेपण गरेको छ। बोर्डका अनुसार सन् २०२४ मा १३ देखि १४ लाख पर्यटक भित्रिन सक्ने सम्भावना देखिन्छ ।

# सन्दीपको मुद्दा हेर्न नमिल्नेमा




झापा(प्रस) ।उच्च अदालत पाटनले बलात्कार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट दोषी ठहर भएका सन्दीप लामिछानेको मुद्दा हेर्न नमिल्नेमा परेपछि आइतबारको सुनुवाइ स्थगित भएको छ।

लामिछानेको मुद्दा आइतबार न्यायाधीशद्वय नृपध्वज निरौला र दुर्गाप्रसाद ढुंगेलको इजलासमा परेको थियो।

न्यायाधीश निरौलाले विपक्षी झिकाउने आदेश गरेकाले हेर्न नमिल्ने भएको सूचना अधिकारी तिर्थराज निरौलाले बताए। आफूले पहिल्यै सुनुवाइ गरी धारणा व्यक्त गरिसकेको मुद्दामा अर्को पटक न्यायाधीशहरूले सुनुवाइ गर्दैनन्।

लामिछानेविरूद्ध अधिकतम सजाय माग गरी उच्च सरकारी वकिलको कार्यालय पुनरावेदनमा गएको थियो। त्यस्तै

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — घरमा अतिथिको आगमन हुनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ

**वृष** — भूमिबाट लाभ रहला। साथीभाइले पनि सहयोग जुटाउनेछन् ।

**मिथुन** — समय मध्यम रहेको छ। सवारी साधनको प्रयोग गर्दा ख्याल गर्नुहोला ।

**कर्कट** — परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । माया प्रेममा अविश्वास बढ्नसक्छ ।

**सिंह** — विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। आफन्तसँग मनमुटाव होला ।

**कन्या** — महत्वपूर्ण कामको थालनी हुनेछ। लक्ष्मी प्रसन्न हुने योग छ ।

**तुला** — आजको यात्रा लाभदायक अनि सफल रहनेछ ।

**वृश्चिक** — आज शुभकार्यको चर्चा चल्नेछ। धार्मिक तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** — आज स्वादिष्ट खानपिन खान पाइएला । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ

**मकर** — बसोबास गर्ने व्यक्तिहरूसँग सम्बन्ध सुमधुर रहनेछ। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ

**कुम्भ** — आज भाग्यले विभिन्न अवसर जुराउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**मिन** — नयाँ काम सुरु गर्ने समय छ। शुभकार्यको चर्चा चल्नेछ ।